# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : १ मिति २०८१/०१/१४

भाग-२

## स्थानीय सेवा पुरस्कार सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

प्रमाणीकरण मिति : २०८१/०१/११

**प्रस्तावना :**

स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, जानकी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधि को नाम "स्थानीय सेवा-पुरस्कार सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० को दफा ३ को उपदफा (२) मा संशोधन गरिएको छ :
स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० को मूल दफा ३ को उपदफा (२) को क्र.सं. २ को राजस्व सबैभन्दा बढी कर तिर्ने शब्दहरु हटाईएको छ र ऐ. को दफा ३(२) क्र.सं. ४ पछि ५, ६, ७ थपिएको छः "५. उत्कृष्ट कार्य सम्पादन गर्ने बङ्घर, ६. उत्कृष्ट कार्य सम्पादन गर्ने मेलमिलापकर्ता, ७. उत्कृष्ट सहकारी संस्था" भन्ने शब्द थपिएको छ।

३. स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० को दफा ५(१) (क) संशोधन गरिएको छ : स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० को मूल दफा ५(१) (क) "सातौं तह वा सो सरह" भन्ने शब्द हटाईएको छ।

४. स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० को मूल दफा ६(१) (ख) संशोधन गरिएको छ :
अध्यक्षले मातहतका निकायबाट खण्ड (क) बमोजिम प्राप्त सिफारिस तथा आफ्ना कार्यालयका कर्मचारीहरुको मूल्याङ्कन गरी दफा ५ बमोजिमको संख्यामा ननाघ्ने गरी माघ महिनाको पहिलो हप्ताभित्र समितिको सचिवालयमा सिफारिस गरी पठाउनु पर्नेछ भन्ने शब्दको सट्टा "पठाउन सक्नेछ" भनी संशोधन गरिएको छ।

५. स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० को मूल दफा ६(२) संशोधन गरिएको छ :

स्थानीय सरकारले समितिबाट प्राप्त नाम समेतलाई विचार गरी उपयुक्त कर्मचारीलाई उपयुक्त पुरस्कार दिने गरी कार्यपालिकाबाट निर्णय गर्न सक्नेछ भन्ने शब्दको सट्टा “गर्नु पर्नेछ” भनी संशोधन गरिएको छ।

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत